# लुम्बिनी प्राविधिक विश्वविद्यालय

## LUMBINI TECHNOLOGICAL UNIVERSITY

+९७७ ०८१-५३९६०१
Banke,Nepal


प.सं.:२०८०/०८१
चलानी नं: ९९

मितिः २०८०/०५/१३

**श्री नगरप्रमुखज्यू,**
**रामग्राम नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)।**

**विषयः विद्यार्थी प्रायोजन सम्बन्धमा।**

लुम्बिनी प्रदेश सरकारको गौरवको योजनाको रूपमा रहेको यस लुम्बिनी प्राविधिक विश्वविद्यालयमा यसै शैक्षिक वर्षदेखि विभिन्न विषयमा स्नातक तथा स्नातकोत्तर कार्यक्रमहरू सञ्चालन हुन लागेको व्यहोरा सहर्ष जानकारी गराउँछौ।

यस विश्वविद्यालयबाट सञ्चालित शैक्षिक कार्यक्रममा संस्थागत प्रायोजितको कोटा मार्फत भर्ना हुने व्यवस्था गरिएको समेत जानकारी गराउँछौ। यस कोटा मार्फत् अध्ययन गर्न चाहने उपयुक्त आवेदकको मनोनयन गरी प्रायोजनका लागि पहल गरिदिनुहुन हार्दिक अनुरोध छ।

लुम्बिनी प्रदेश सरकारको पहलमा स्थापित यस विश्वविद्यालय गुणस्तरीय प्राविधिक उच्च शिक्षाको प्रवर्द्धन मार्फत् प्रदेशको सामाजिक, आर्थिक विकासमा टेवा पुऱ्याउन कटिबद्ध छ। यस अभियानमा सहकार्य गर्न हुन समेत हार्दिक अनुरोध छ।

............................
रेगबहादुर भण्डारी
(कुलसचिव)


Email: info@ltu.edu.np, Facebook Page: www.facebook.com/ltunepal, Twitter: @ltunepal,
Website: ltu.edu.np